Academic Voices
A Multidisciplinary Journal
Volume 9, No. 1, 2019
ISSN: 2091-1106

# 'सधैं सधैं मेरो सपनामा कवितामा ध्वनि'

**इन्द्रप्रसाद भट्टराई**

नेपाली विभाग, त्रि वि, ठाकुरराम बहुमुखी क्याम्पस, वीरगञ्ज, नेपाल

**सार**

*यस लेखमा ध्वनि सिद्धान्तको मूलभूत सिद्धान्तलाई उल्लेख गरी विभिन्न साक्ष्यहरूको आधारमा कवि भूपि शेरचनद्वारा लिखित 'सधैं सधैं मेरो सपनामा' कविताको विश्लेषण गरिएको छ । यस कवितामा जीवन मूल्यको खोजमा नेपालीहरूले भोग्नु परेका युगीन जटिलता, अवमूल्यन र अमानवीयताप्रति ध्वन्यात्मक अर्थ एवम्, व्यङ्ग्यात्मक टिप्पणी कवितामा गरिएको छ । निरङ्कुश शासन र विकृत सामाजिक आर्थिक व्यवस्थाले सताइएका नेपाली जनताको चिररोदनका मझधाराबाट खोसिएका हक, अधिकार स्वतन्त्रता, सुशिक्षा र प्रजातान्त्रिक मूल्यका निम्ति क्रान्तिको आह्वान गरिएको प्रसङ्ग ध्वन्यात्मक रूपमा कवितामा व्यक्त भएको छ । त्यसपछि तत्कालीन शासन व्यवस्थाप्रति तीव्र आक्रोश र विद्रोहको स्वर व्यक्त भएको प्रसङ्ग ध्वन्यात्मक रूपमा अभिव्यञ्जित छ । कवितामा प्रतीकात्मक दृश्य विधान, व्यङ्ग्यात्मक भाव विम्वका कारण कवितामा पूर्वीय काव्यशास्त्रको ध्वनि सौन्दर्भ कलात्मक सफल रूपमा व्यक्त भएको देखिन्छ ।*

**मुख्य शब्दहरु :**

*रसध्वनि; वस्तुध्वनि; अलङ्कार; व्यङ्ग्यात्मक; ध्वनि ।*

## परिचय

'सधैं सधैं मेरो सपनामा' कविता कवि भूपि शेरचन (वि.सं. १९९२-२०४६) को 'घुम्ने मेचमाथि अन्धो मान्छे' (२०२६) कविता सङ्ग्रहमा सङ्गृहीत कविता हो । उनको कविता यात्राको तेस्रो चरणको सुरूवातसँगै शारदा मासिक पत्रिकामा प्रकाशित उक्त कविता स्वच्छन्दतावादी भावधाराभित्र प्रगतिवादी विचार अभिव्यञ्जित भएको उत्कृष्ट कलात्मक सौन्दर्यले परिपुष्ट कविता हो । मुक्त गद्य लयका ५० श्लोकमा संरचित प्रस्तुत कवितामा तत्कालीन नेपाली समाजको दासता र वर्वरताको स्वरूप भावाभिव्यञ्जित भएको छ । प्रस्तुत कवितामा तत्कालीन निरङ्कुश शासन व्यवस्थाप्रति विद्रोहको क्रान्तिकारी भाव एवम् व्यङ्ग्य चेतना सशक्त रूपमा देख्न सकिन्छ ।

पूर्वीय साहित्य परम्परामा रस, अलङ्कार, रीतिपछि नवौं शताब्दीका आनन्दवर्द्धनद्वारा प्रतिपादित साहित्यको एउटा अर्को सैद्धान्तिक स्थापना ध्वनि वा ध्वनिवाद हो। ध्वनि भनेको प्रतीयमान अर्थ वा व्यङ्ग्यार्थ हो। यो वाच्यार्थभन्दा निकै आकर्षक र चमत्कारपूर्ण हुन्छ। साहित्यमा ध्वनि भनेको कुनै पनि शब्दले बुझाउने अभिधार्थ र लक्ष्यार्थभन्दा भिन्न चमत्कार वा व्यङ्ग्य अर्थ प्रवाह गर्ने सौन्दर्य हो। यही साहित्यमा अन्तर्निहित ध्वनि पहिचान गरी त्यसले काव्यमा सिर्जना गरेको सौन्दर्यको विश्लेषण यस लेखमा गरिएको छ।

## ध्वनिको सैद्धान्तिक पर्याधार

नवौँ शताब्दीका पूर्वीय आचार्य आनन्दवर्धनद्वारा प्रतिपादित साहित्यको अर्को एउटा सैद्धान्तिक स्थापना ध्वनि वा ध्वनिवाद पूर्वीय साहित्य परम्परामा रस, अलङ्कार, रीतिपछिको नवीन मान्यता हो। यो सिद्धान्त वैयाकरणहरूको स्फोटवादको प्रेरणा र प्रभावबाट प्रवर्तित भएको मानिन्छ। आनन्दवर्धनले ध्वन्यालोक नामक ग्रन्थमा आफू पूर्वको ध्वनिसम्बन्धी मान्यताको चर्चाका साथै ध्वनिका बारेमा आफ्ना विस्तृत अवधारणा र स्थापना अघि सारेका छन् र यसलाई अभिनव गुप्त, मम्मट, विश्वनाथ, जगन्नाथजस्ता उत्तरवर्ती चिन्तकहरूले मूल्य प्रदान गरेका छन्।

आनन्दवर्धनका अनुसार व्यङ्ग्यार्थ नै ध्वनि हो। त्यो काव्यको आत्मा हो। शब्दशक्तिका तीन भेदहरू अभिधा, लक्षणा र व्यञ्जनामध्ये व्यञ्जना शब्द शक्तिबाट प्राप्त हुने प्रतीयमान अर्थलाई नै उनले ध्वनि भनेका छन्। अर्थात्, जुन काव्यमा शब्द अथवा अर्थ (वाक्यार्थ) ले प्रतीयमान अर्थ (व्यङ्ग्यार्थको) सिद्धिका लागि आफ्नो अर्थको समर्पण गरिदिन्छ र व्यञ्जना वृत्तिद्वारा कुनै विशेषार्थ (प्रतीयमान अर्थ) लाई व्यक्त गर्दछ त्यस्तो व्यङ् ग्यार्थ प्रदान काव्य विशेष ध्वनि मानिन्छ (उपाध्याय २०५९ : २३०)। यसर्थ वाक्यार्थ र लक्ष्यार्थदेखि भिन्न चामत्कारिक अर्थ दिने शब्दशक्ति व्यञ्जना हो र यसैलाई नै पूर्वीय काव्यशास्त्रमा ध्वनि भनिन्छ।

वाच्यार्थ र लक्ष्यार्थभन्दा व्यङ्ग्यार्थ फरक हुन्छ। यस्तो व्यङ्ग्यार्थ शब्द र अर्थको प्रत्यक्ष (वाचक-वाच्य) सौन्दर्यभन्दा अप्रत्यक्ष (व्यञ्जक-व्यङ्ग्य) विशिष्ट सौन्दयबाट झल्कन्छ। वाच्यार्थ र व्यङ्ग्यार्थमा बोद्धा, स्वरूप, प्रतीतिकाल, आश्रय निमित्त, कार्य, सङ्ख्या र विषयका तहमा अन्तर हुने गर्दछ -उपाध्याय, २०६१:१८९)। यस्तै लक्ष्यार्थ र व्यङ्ग्यार्थको बीच पनि अन्तर रहन्छ। लक्ष्यार्थ मुख्यार्थसँग सम्बन्धित भई त्यसमा बाधापछि रूढि वा प्रयोजनका आधारमा लक्ष्यार्थ उत्पन्न हुने सर्त हुन्छ भने व्यङ्ग्यार्थमा त्यस्तो सर्त अनिवार्य हुन्न। व्यङ्ग्यार्थ कहीँ वाच्यार्थ र लक्ष्यार्थपछि बोध हुन्छ भने कहीँ वाच्यार्थपछि नै बोध हुन्छ।

ध्वनि भनेको अभिधार्थ र लक्ष्यार्थभन्दा बाहेक विशिष्ट किसिमको प्रतीयमान वा व्यङ्ग्य अर्थ हो। यसमा रहेको व्यङ्ग्यको अवस्थाको आधारमा अनेक भेदोपभेद हुनसक्छ। तर मूल रूपमा ध्वनि तीन प्रकारका हुन्छन् : रसध्वनि, वस्तुध्वनि र अलङ्कार ध्वनि।

**रसध्वनि** : जहाँ रसको अभिव्यक्ति नै प्रमुख हुन्छ र काव्य वा कृति पाठ गर्नासाथ कुनै क्रमविना रसबोध हुनजान्छ, त्यसलाई रसध्वनि भनिन्छ। यसलाई असंलक्ष्यक्रम व्यङ्ग्य ध्वनिको नाम दिइएको छ। रसाभाव, भावाभासजस्ता ध्वनिसमेत रस ध्वनिमै पर्दछन्।

**वस्तुध्वनि** : जहाँ कुनै विषयवस्तु नै प्रधान भएर व्यक्त हुन्छ त्यसलाई वस्तुध्वनि भनिन्छ। अर्थात्, वाच्यार्थ बोध भएपछि विषयवस्तु ध्वनित भए त्यो वस्तु ध्वनि हो। यसमा वाच्यार्थद्वारा विषयवस्तु र व्यङ्ग्यार्थको बोध हुन्छ।

**अलङ्कार ध्वनि** : जहाँ अलङ्काररूपी ध्वनि रहन्छ त्यसलाई अलङ्कार ध्वनि भन्दछन्। यसमा अलङ्कार प्रधान भई मूलतः अलङ्कार व्यक्त हुन्छ।

यसमा व्यङ्ग्यार्थका रूपमा कुनै अलङ्कार ध्वनित हुन्छ । कथनबाट आएको ध्वनि भनेर नबुझी कुनै भनाइमा वाच्यार्थ प्रकट भएपछि कुनै अलङ्कार ध्वनित हुन्छ भने त्यो अलङ्कार ध्वनि हुन्छ ।

उल्लिखित तीन प्रकारका ध्वनि भेदभित्र असङ्ख्य ध्वनिहरू समाहित छन् । ती असङ्ख्या भेदहरूको आधार चाहिँ शब्द र अर्थ नै मानिएको छ । शाब्दी व्यञ्जना अन्तर्गत विवक्षितान्यर वाच्यध्वनि (अभिधामूल) र अविवक्षितान्यपर वाच्यध्वनि (लक्षणामूल) गरी दुई प्रकारका ध्वनिको वर्गीकरण गरिएको छ । विवक्षितान्यपर वाच्यध्वनि अन्तर्गत मुख्य दुई उपवर्ग असंलक्ष्यक्रम ध्वनि र संलक्ष्यक्रम ध्वनि छन् भने अविवक्षितान्यपर वाच्य ध्वनिअन्तर्गत अर्थान्तर सङ्क्रमित वाच्यध्वनि र अव्यन्ततिरस्कृत वाच्यध्वनि छन् । यिनका पनि अनेक उपभेद गरिएका छन् । त्यसैगरी आर्थी व्यञ्जनाअन्तर्गत विश्वनाथले वाच्यार्थपरक आर्थी व्यञ्जना, लक्ष्यार्थपरक आर्थी व्यञ्जना र व्यङ्ग्यपरक आर्थी व्यञ्जना गरी तीन प्रकार बताएका छन् । प्रस्तुत लेखमा ध्वनि सिद्धान्तका उल्लिखित मूल्य र मान्यतामा आधारित रही निर्धारित पाठको पठन र बोधबाट आस्वादनमा आएको चामत्कारिक प्रतीयमान अर्थ निरूपण गरिएको छ ।

## 'सधैँ सधैँ मेरो सपनामा' कवितामा ध्वनि

प्रस्तुत कविताको शीर्षक तीन ओटा शब्दले बनेको पदावलीका रूपमा रहेको छ । पूर्ण द्वित्वका रूपमा रहेको सधैँ सधैँ क्रियाविशेषण 'म' सर्वनाम शब्दमा सम्बन्धवाचक षष्ठी विभक्तिमा 'रो' लागेर बनेको मेरो भेदक विशेषण र 'मा' विभक्ति जोडिएर अधिकरण कारकको काम गर्ने 'सपना' भेद्य विशेष्यको संयोजनबाट बनेको प्रस्तुत कविताको शीर्षकीय अभिप्राय कविता कथन गर्ने कवि स्वयम् वा कविद्वारा नियोजित 'म' पात्रका हरेक समयमा देखिने सपनासँग सम्बन्धित कुराहरूको संङ्केत सूचना गर्नु रहेको देखिन्छ । कविताभित्र मुक्त गद्यलयका जम्मा ५० पङ्क्तिलाई तीन अनुच्छेदमा प्रस्तुत गरिएको छ र कविताभित्र उक्त शीर्षकलाई भिन्न भिन्न ५ ठाउँमा जस्ताको तस्तै पुनरावृत्ति गरिएको छ । जसले गर्दा प्रस्तुत कवितामा सधैँ आफ्नो सपनामा देखिने नेपाली जीवन सन्दर्भका विभिन्न दुःखद एवम् हृदयविदारक मार्मिक पक्षहरूलाई प्रतीकात्मक रूपमा कविले अभिव्यक्त गरेका छन् ।

कविताको पहिलो अनुच्छेदमा शब्द शक्तिका तीन ओटैमध्ये वाच्यार्थका तहबाट हेर्दा तत्कालीन शासन व्यवस्थाको समयमा अधिकारका लागि आवाज उठाउँदा निरङ्कुश तानाशाहरूका कारण युवा अवस्थामानै आमाहरूले आफ्ना छोराहरू गुमाउन पुगेको प्रसङ्गलाई कोट्याइएको छ । आमाहरूले जन्माएका छोराहरूबाट खासै तत्कालीन निरङ्कुश शासनसत्ता भत्काउन नसकेको र आफ्नो मातृत्वको कुनै अर्थ र मूल्य नभएको भाव व्यक्त भएको छ । कविताको पहिलो अनुच्छेदको पहिला दुई पङ्क्तिमा कविले असङ्ख्य युवती आमाहरू उनका अगाडि आएर बहुलाही झैँ दूध र मातृत्वको मूल्य नभएको विचार वाच्यार्थका तहमा व्यक्त भएको छ ।

कविताको पहिलो अनुच्छेदका सुरूका चार पङ्क्तिमा असङ्ख्य युवती आमाहरू कविको अगाडि सपनामा उपस्थित हुने प्रसङ्गमा वाच्यार्थमा वाधा उत्पन्न भएको देखिन्छ । उक्त पङ्क्ति पुञ्जमा कविले तत्कालीन शासन व्यवस्थाका शासकहरूबाट नेपालमा भइरहेको अन्याय, अत्याचार, दमन र थिचोमिचोका विषयमा आवाज उठाउन नसकिरहेको अवस्थालाई ध्वन्यात्मक रूपले व्यक्त गरेको देखिन्छ । कविले विशेषतः आमाको दूधको मूल्यको र मातृत्वको अर्थको प्रसङ्गलाई उठान गर्दा वाच्यार्थभन्दा अलिपर लक्ष्यार्थ हुँदै व्यञ्जनार्थसम्म पुग्नुपर्ने देखिन्छ र त्यसमा आमाहरूले जन्माएका सन्तानहरूले खासै देशको कुशासन र भ्रष्ट शासकहरूलाई हटाउन

नसकेको र तिनीहरूको अन्याय र अत्याचार सहँदै बस्नु परेको ध्वन्यात्मक अर्थ अभिव्यञ्जित छ। यी पङ्क्तिहरूमा आमाहरू भन्नाले नेपाल आमा अर्थात् समग्र राष्ट्रलाई नै समेट्ने प्रयास देखिन्छ। कविले यसमा नेपालीहरूको स्वतन्त्रता र मुक्तिको चाहनालाई पनि ध्वन्यात्मक रूपमा अभिव्यञ्जित गरेको छ। तत्कालीन पञ्चायती व्यवस्थामा राजा महेन्द्रको एकदलीय तानाशाहका विरूद्ध आवाज उठाउनु त परै जाओस् बरू त्यसै शासन व्यवस्थालाई पक्षपोषण गर्ने र गराउने नेपाल आमाका सन्तन भन्न पनि लायक नरहेका कुपुत्रहरूलाई सुँगुरका भद्धा र गन्धा बच्चाको रूपमा प्रतीकात्मक ढङ्गले सङ्केत गर्दै नामर्द र पानीमरूवा नालायकी, अवसरवादी र स्वार्थी शासकका भरौटेप्रति तीव्र व्यङ्ग्य गरिएकोले पनि यसमा ध्वन्यात्मक अर्थ भेटिन्छ। प्रस्तुत पङ्क्तिहरूमा युगीन शासन व्यवस्थाका विकृति र विसङ्गतिका कारण सो व्यवस्थाप्रतिको तीव्र असन्तुष्टिका अभिव्यक्ति र परिवर्तनको चाहनाबाट विद्रोह र क्रान्ति चेतनासमेत ध्वन्यात्मक रुपमा व्यक्त भएको देखिन्छ। प्रस्तुत कविताको पहिलो श्लोकमा पञ्चायती व्यवस्थाका विकृति र विसङ्गतिलाई अभिव्यक्त गर्दै पञ्चायती शासन व्यवस्थाका आडमा शासकहरुबाट हुने अन्याय, अत्याचार, दमन, शोषण र उत्पीडनलाई सामान्य नेपाली जनताले सहनुपरेको कुरालाई देखाएर युगीन राजनीतिक विकृति र विङ्गतिलाई पनि ध्वन्यात्मक रूपमा व्यक्त गरिएको छ। यस प्रकारको ध्वन्यात्मक अर्थ अभिव्यञ्जित गर्ने कवितांशलाई साक्ष्यका रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

असङ्ख्य जीवनद्वारा लत्याइएका
र मृत्युद्वारा नपत्याइएका
जीर्ण तन बृद्धहरू र
विदीर्ण मन वृद्धहरू
मेरो अगाडि लम्पसार पर्दछन् र
मसँग
आफ्नो अथाह भविष्यको सूत्र माग्दछन्
आफ्नो हराएको एक मात्र पुत्र माग्छन् (शेरचन, २०४६:५-६)।

यस कवितांशमा देशको अविवेकी शासन व्यवस्थाका कारण जनताहरूलाई सङ्कट र चोट एवम् प्रहारमात्र दिइएको र ती पक्षहरूलाई जनताले चुपचाप सहनु परेको तथ्यलाई ध्वन्यात्मक रूपमा व्यक्त गरेको देखिन्छ। माथिको कवितांशमा प्रयुक्त पद पदावली एवम् वाक्यहरूलाई विश्लेषण गर्दा तिनीहरूमा वाच्यार्थ वाधित भएको प्रष्ट देखिन्छ। अर्थात् न त जीवनले नै लत्याउने हो न त कविको अगाडि बृद्ध तन र मनहरू लम्पसार नै पर्दछन् न त मृत्युले नै पत्याउने नपत्याउने भन्ने हुन्छ। त्यसर्थ यी पंक्तिहरूको वाच्यार्थ बाधित हुन गई यिनीहरूबाट तत्कालीन नेपाली समाज, राजनीति र शासकहरूप्रति उच्च तहको व्यङ्ग्य भाव व्यक्त गरिएकोले यसमा प्रष्ट रूपमा ध्वन्यार्थ अभिव्यञ्जित छ।

उद्धृत कवितांशको पहिलो पङ्क्तिमा असङ्ख्य जीवनद्वारा लत्याइएका र दोस्रोमा मृत्युद्वारा नपत्याइएका जीर्ण तन र विदीर्ण वृद्ध मनहरूको प्रसङ्ग ल्याइएको छ। यस पङ्क्तिमा अभिव्यक्त विषयलाई वाच्यार्थका तहमा अर्थ्याउन खोज्दा अर्थ बाधित हुनपुग्ने देखिन्छ। किनकि जीवन भनेको कुनै पनि प्राणीको जन्मदेखि मृत्युसम्मको अवधिलाई बुझाउँछ र यसरी हेर्दा यो एउटा जीवन अवधि भन्ने बुझिन्छ भने लत्याउनु भन्नाले हेला गर्नु वा उपेक्षा गर्नु भन्ने आशय व्यक्त हुन्छ। कविले प्रस्तुत पङ्क्तिमा राष्ट्र अझै पनि तानाशाहहरूको क्रीडाभूमि बन्न पुगेको, राज्यमा कुनै उन्नति र प्रगति हुन नसकेको, ती राज्यका नागरिकहरू अझै पनि प्रजातन्त्र र स्वतन्त्रता एवम् मुक्ति प्राप्त गर्न नसेकेका र राज्यका नागरिकहरूको भविष्य अन्धकारमय रहेको र शासकहरूले राज्यलाई अझैपनि कुनै सही दिशा दिन नसकेको र नचाहेको नेपाल आमाका दुई चार सन्तानहरू जो अन्याय र अत्याचारको विरूद्ध आवाज उठाउन सक्छन् तिनीहरूलाई अमानवीय ढङ्गले सिद्धयाउने गरिएको र जसले गर्दा राष्ट्रमा

बेथिति, बेमेल, कुसंस्कारलगायत यावत पक्षहरू कायमै रहेकाले बालक, वृद्ध, युवायुवती सबैले भविष्यको उज्यालो मार्गबाट वञ्चित हुनु परेको ध्वन्यात्मक अर्थ कवितामा व्यक्त भएको पाइन्छ ।

यसरी कविताको पहिलो अनुच्छेदमा तत्कालीन शासन व्यवस्था र त्यसले लुटेका नेपाली जनताका खुसी र त्यसबाट उत्पन्न कारूणिक र मार्मिक परि स्थितिको ध्वन्यात्मक अर्थ कवितामा अभिव्यञ्जित भएको छ ।

कविताको दोस्रो अनुच्छेदमा तानाशाही बर्बरता र विकृत सामाजिक संस्कारका कारणले बैंसमा विधवा बन्न बाध्य भएका युवतीहरूको पीडा र उनीहरूको करूण बेदना व्यक्त भएको छ । कविताका दोस्रो अनुच्छेदमा प्रस्तुत भएका पङ्क्तिहरूको शब्दशक्तिको तीन तहमध्ये अभिधाको दृष्टिले त्यसलाई पूर्ण रूपले अर्थ्याउन सकिने स्थिति छैन र टुक्र्याउँदा र अर्थ्याउँदा पनि वाच्यार्थभन्दा अलि परै पुगेर त्यसको ध्वन्यात्मक अर्थ खोज्नु सान्दर्भिक हुनआउँछ । कविताको दोस्रो अनुच्छेदको दोस्रोदेखि सातौँ पङ्क्तिसम्मका पद, पदावली र वाक्यका तहमा वाच्यार्थमा बाधा उत्पन्न हुने देखिन्छ । कविले त्यसमा असङ्ख्य विधवा युवतीहरू उनको अगाडि आएर नाङ्गै भएर दुनियाँका गिद्दे आँखाले पोलेका डामहरू देखाउँदै जीवनको सहारा मागेको र आफ्नो यात्राको किनारा मागेको प्रसङ्ग व्यक्त गरिएको छ ।

कविका अगाडि सपनामा आएर असङ्ख्य विधवा युवतीहरूले आफ्नो शरीर नङ्ग्याउन सक्दैनन् किनकि त्यो कवि कल्पना हो र तत्कालीन शासन व्यवस्थाका क्रुर शासकहरूले अन्याय र अत्याचारको विरूद्ध आवाज बुलन्द पारेका र देशको स्वतन्त्रता र प्रजातन्त्रको प्राप्तिका लागि लडेका नेपाल आमाका वीर सपूतहरूले सहादत प्राप्त गरेका कारण आज नेपाली चेलीहरूको सिउँदाको सिँन्दुर पुछिएको छ र आज युवावस्थामै विधवा जीवन बिताउन बाध्य पारेको तत्कालीन सामाजिक परिवेशलाई कवितामा व्यञ्जनाको तहमा प्रस्तुत गरिएको छ । त्यसैगरी विधवा बन्न विवश नारीहरूका कोमल तनमाथि यी पितृसत्तात्मक समाजका सामन्त शोषक दलालहरूले ती सहारा विहीन विधवाको शारीरिक सौन्दर्यमा आँखा गाड्ने र उनीहरूको इज्जत लुट्ने प्रयास तत्कालीन शोषक फटाहरूले गर्दछन् भन्ने ध्वन्यात्मक अर्थ कवितामा अभिव्यञ्जित छ । उनीहरू आफ्ना लोग्नेहरू गुमाउनु पर्दा सहाराविहीन बन्न पुगेको वाच्यार्थ प्रस्तुत पङ्क्तिमा अभिव्यक्त छ भने त्यही वाच्यार्थलाई टेकेर लैङ्गिक दृष्टिले नारी र पुरूषका बीचमा हुने र भइरहेका विभेद र लैङ्गिक हिंसाका पक्षहरूलाई ध्वन्यात्मक रूपमा कवितामा अभिव्यक्त गरिएको छ । यसरी तत्कालीन नेपाली समाजका वेथिति, विकृति र विसङ्गतिका कारण नेपाली विधवा नारीहरूमाथि हुने गरेका व्यभिचार, यौनदुराचार, अनैतिकता आदिको कुरूप यथार्थ प्रस्तुत पङ्क्तिमा ध्वनित भएको छ । यस क्रममा नारी अस्मिता लुटिएको पीडाबोध, नारीहरूले आफ्नै घर, परिवार समाजबाट भोग्नु परेका पीडा, यातना, शोषण, अन्याय, अत्याचार आदि विविध नारी पीडा बोधको अभिव्यक्ति कविताका पङ्क्तिहरू अभिव्यञ्जित हुन पुगेको छ । कविताको दोस्रो अनुच्छेदको पहिलो आठौ पङ्क्तिदेखि सत्रौं पङ्क्तिसम्म तत्कालीन समाजको शासन व्यवस्थाका कारण आफ्ना संरक्षक पिताहरू गुमाई टुहुरा बन्न पुगेका अनाथ बालबालिकाहरूको कारूणिक अवस्थालाई कवितामा व्यक्त गरिएको छ । जसको यथार्थता लाई कविताका निम्नलिखित पङ्क्तिहरूबाट प्रस्तुत गर्न सकिन्छ :

'सधैं सधैं मेरो सपनामा'
क्षयका कीटाणु बोकेका
असङ्ख्य टुहुरो केटाकेटीहरू
मेरो अगाडि आउँछन् र
मसँग स्कुलको फिस
पुस्तक किन्ने पैसा
क्रिकेटको बैट
र पिताको चुम्बन माग्छन्

र माग्छन् सुरक्षा
र मीठो निद्राले भरिएको रात (शेरचन, २०४६:६-७) ।

उद्धृत कवितांशमा वाच्यार्थका तहमा केटाकेटीहरू आफ्ना बुबाहरू गुमाएका कारण टुहुरा बनेका छन् र उनीहरूको आर्थिक अवस्था निकै नै कमजोर छ । जसले गर्दा उनीहरूको पढाइ, लेखाइ, खेल सामग्री र आफ्नो पिताको माया नपाएको अर्थ प्रकट भएको देखिन्छ । उनी आफ्ना बुबाहरू गुमाएका कारण असुरक्षित बनेको प्रसङ्ग पनि वाच्यार्थका तहमा व्यक्त भएको छ । तर प्रस्तुत कविताका उपर्युक्त कवितांशमा वाच्यार्थका तहभन्दा पनि माथि गएर अर्थात् त्यसमा प्रयुक्त पद पदावलीले सङ्केत गर्ने अर्थलाई ध्वन्यार्थका तहमा विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ । प्रस्तुत कवितांशमा तत्कालीन देशको आर्थिक क्षेत्रमा भएका विसङ्गतिहरूतर्फ सङ्केत गरिएको छ । तत्कालीन युगीन समाजमा रहेका शोषक र सामन्तहरूले समाजमा भएको आर्थिक विषमतालाई हटाउनुको साटो आफ्नै सुख सुविधाका लागि धन सम्पत्ति कुम्ल्याउने प्रवृत्तिका कारण समाजमा व्याप्त गरिबी पछौटेपन र गरिबहरू झनै गरिब हुँदै जानु परिरहेको परिस्थिति आदि पनि कवितामा ध्वन्यात्मक रूपमा प्रकट भएको छ । कविताको दोस्रो पङ्क्तिमा क्षयका किटाणुहरू बोकेका असङ्ख्य टुहुरा केटाकेटीहरू भन्ने पदावलीमा वाच्यार्थ बाधित भएको देखिन्छ भने त्यसले केटाकेटीहरू रोग भोक र शोकका कारण अभावग्रस्त जीवन जीउन बाध्य छन् र उनीहरूले एकपेट पेटभरि खान पाएका छैनन् र उनीहरू अत्यन्त दीनहीन जीवन बिताउन बाध्य छन् अथवा बाध्य पारिएका छन् भन्ने ध्वन्यात्मक अर्थात् प्रतीयमान अर्थ अभिव्यञ्जित भएको छ । अझै कवितामा स्कुलको फिस, पुस्तक किन्ने पैसा र क्रिकेटको बैटजस्ता प्रसङ्गहरूलाई कोट्याएर ती केटाकेटीहरू शिक्षाबाट बञ्चित हुनुपरेको, आफ्ना इच्छा र खुसीहरू पनि पूरा गर्न नपाइरहेको र रोग, भोक र शोकमा डुबेर विपन्न र रूग्ण एवम् जर्जर परिस्थितिमा तत्कालीन नेपाली समाजका जनताहरूले भोग्नु परेको दैनिकीलाई ध्वन्यात्मक रूपमा व्यक्त गरेको छ ।

प्रस्तुत कवितांशको दोस्रो अनुच्छेदका सोह्रौँ र सत्रौ पङ्क्तिमा वाच्यार्थका तहमा पिताको चुम्बन माग्छन् र माग्छन् सुरक्षा भन्ने अर्थ प्रकट भएको छ । तर कवितामा अभिव्यक्त विभिन्न प्रकरण र सन्दर्भहरूले यसमा प्रयुक्त ध्वन्यार्थ अर्थात् प्रतीयमान अर्थ उच्च प्रकृतिको छ । पिताको चुम्बन भन्नाले यहाँ आफ्ना बुबाहरू गुमाएर गर्भमै टुहुरा बनेकाहरू बाबाको खोजी गर्दछन् भन्ने लक्ष्यार्थ हुँदै व्यङ्ग्यार्थका तहमा पुगेर तत्कालीन शासकहरूले अन्याय र अत्याचारको विरूद्धमा लड्दा आज कति परिवारका केटाकेटीहरू टुहरा बन्नुपरेको ध्वन्यात्मक अर्थ अभिव्यञ्जित भएको छ । त्यस्तै ‘माग्छन् सुरक्षा’ भन्ने पदावलीले ती परिवार र तीनका केटाकेटीहरू अझै पनि राज्यसत्ताबाट सन्त्रस्त जीवन बाँच्न बाध्य छन् । ती शोषक सामन्तहरूले कुनै पनि बेला ती गरिबका टुहुरा छोराछोरीहरू बेपत्ता पार्न पनि सक्छन् । तत्कालीन शासन व्यवस्था र त्यसका सैनिकहरूबाट जनताहरू पीडित हुनुपरेको यर्थाथ पक्ष पनि प्रतीयमान अर्थका रूपमा उपर्युक्त पङ्क्तिमा अभिव्यक्त भएको छ । ‘माग्छन् सुरक्षा’ भन्ने पदावलीले तत्कालीन समयमा कतै पनि कोही पनि राज्यबाट सुरक्षित भएको महसुस गर्न नसकेको र सबै त्रासै त्रासमा बाँच्नु परेको परि स्थितिलाई अभिव्यञ्जित गरेको छ ।

कविताको तेस्रो अनुच्छेदमा दशओटा पङ्क्तिहरू रहेका छन् । प्रस्तुत अनुच्छेदमा जीवन मूल्यका खोजमा नेपालीहरूले भोग्नुपरेका युगीन जटिलताको प्रतीकात्मक स्वरध्वनि तथा दयनीय मानवता भाडाका सिपाही बनेर विदेशी भूमिमा जिन्दगी समाप्त गर्न विवश नेपाली युवाहरूको नियतिलाई कविताले वाच्यार्थका तहमा अभिव्यक्त गरेको छ । जसलाई साक्ष्यका रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

यसरी नै 'सधैँ सधैँ मेरो सपनामा'
मलायका असङ्ख्या -असङ्ख्या मानिसहरूको
आँसुको एक ठूलो सागर बन्छ
जसको प्रत्येक लहरमा
एक लास माथि उठ्छ
एक लास माथि डुब्छ
तर डुब्नु भन्दा अगाडि मलाई
प्रत्येक लासले घृणाले हेर्छ
अहा ! मेरो सपनामा मलाई
मेरो विपनाको इतिहासले घृणा गर्छ (शेरचन, २०४६:७) ।

उद्धृत कविताांशमा शब्द शक्तिका तीनओटा तहमध्ये वाच्यार्थका तहमा यसलाई हेर्दा यसमा गरिबीका कारणले नेपाली युवाहरू मलायमा भर्ती हुनजानु परेको प्रसङ्गलाई व्यक्त गरेको देखिन्छ । गरिबीकै कारणले नेपालीहरूले आफ्नो रोजीरोटीका लागि विदेशी भूमिमा गएर प्राणको आहुति दिनु पर्ने बाध्यात्मक परिस्थितिलाई प्रस्तुत गरेको छ । प्रस्तुत कविताांशको पहिलोदेखि तेस्रो श्लोकसम्मले व्यक्त गर्ने वाच्यार्थले मात्र यसको आशयलाई प्रस्ट पार्न सकेको देखिँदैन । त्यसैले उपर्युक्त वाच्यार्थमै टेकेर प्रस्तुत सुरूका तीन पङ्क्तिले युद्धजन्य भयावह परिस्थितिले विश्वमा शान्ति सङ्कटमा परेको र विश्वमा अशान्ति सिर्जना भएको लाक्षणिक अर्थलाई अभिव्यञ्जित गरेको छ । प्रस्तुत पङ्क्तिमा मलाय भन्नाले विदेशको भारतीय श्रीखण्ड प्रदेशलाई व्यक्त गर्दछ । विशेषगरी भारतलगायतका मुलुकहरूमा बढ्दै गइरहेको हात हतियार र शस्त्रहरूको निर्माण र त्यस देशमा भएका युद्धहरूमा मर्न विवश नेपालीहरूको कारूणिक चित्रलाई कवितामा प्रतीयमान अर्थका रूपमा व्यक्त भएको छ । त्यसैगरी अन्तराष्ट्रिय मुलुकहरूले नेपालीहरूको गरिबी र पछौटेपनको फाइदा उठाउँदै ती सोझा नेपालीहरूलाई युद्धमा बलीको बोका सरी मर्न र मार्न उद्धत गरिएको जुन प्रसङ्ग आएको छ । त्यसले पनि पङ्क्तिमा निहित ध्वन्यार्थलाई सङ्केत गरेको छ । कविताांशका अन्तिम पङ्क्तिहरूमा एक लासमाथि उठ्छ, एकलासमाथि डुब्छ भनिएको छ यसले वाच्यार्थमा बाधित भएको देखिन्छ । किनकि लास भनेको मान्छेको मृत शरीर हो न त्यो आफैँ डुब्छ न त्यो आफैँ माथि उठ्छ । त्यसर्थ यसले व्यञ्जनाको तहमा पुगेर आफ्नो अर्थ ध्वनित गर्न पुगेको छ । जसअनुसार कविताका पूर्वापर पङ्क्तिहरूको अन्तरसम्बन्धका आधारमा प्रस्तुत पङ्क्तिले अधिकांश नेपाली युवाहरू आफ्नो आर्थिक अवस्थाका कारण त्यही जिउँदो शरीर लाससरी बनाउन एकातिर विवश छन् भने अर्कातिर उनीहरू लडाइँ लड्दालड्दै लास बन्न पुगेका छन् । आफ्नो देश र माटोलाई छाडेर अर्काको देशमा गएर मर्न बाध्य हुनुपर्दा त्यसै जीवन अर्थहीन र लास बराबर छ भने अर्कातिर विदेशको मराइमा न त कुनै सम्मान नै छ त्यसैले त्यस खालको जीवनपद्धति र मृत्यु दुवै अर्थहीन छन् भन्ने उच्च प्रकृतिको ध्वन्यार्थ प्रस्तुत पङ्क्तिमा अभिव्यञ्जित छ । प्रस्तुत अनुच्छेदको अन्तिम तेस्रो पङ्क्तिमा प्रत्येक लासले घृणाले हेर्छ भनिएको छ । यसमा वाच्यार्थ बाधित भएको अवस्थामा छ किनकि लासले हेर्न सक्दैन किनकि त्यो त मृत हुन्छ । त्यसैले यसले नेपालीहरूको मानवीय अस्तित्व र जीवनको मूल्यलाई ध्वन्यात्मक तहमा प्रतीयमान अर्थ प्रकट गरेको छ विशेषतः नेपालीहरू वीर गोर्खालीका नामले विश्वमा परिचित छन् । तर आज आफ्नै मुलुकमा स्वतन्त्रता, प्रजातन्त्र र राष्ट्रियता सङ्कटमा परेको छ । देशमा निरङ्कुशतन्त्र जारी छ, सामाजिक कुसंस्कार व्याप्त छ, सहिदहरूका सपनाहरू अधुरै छन् । देशमा सुशासन कायम हुन सकिरहेको छैन, सामान्तवादीहरू रजाइँ गरिरहेकै छन् । तत्कालीन अवस्थामा नेपालमा नेपाली जनताका हक अधिकारहरू गुमेको अवस्था छ यस्तो अवस्थामा नेपाली युवाहरू आफ्नो स्वदेश निर्माणमा नलागेर यसरी विदेश पलायन हुनु पर्ने परिस्थि- तिले नेपालीहरूको इतिहासले धिक्कार्ने अवस्था छ भन्ने प्रतीयमान अर्थ अन्तिमको पङ्क्ति पुञ्जले व्यक्त गरेको छ ।

## निष्कर्ष

'सधैँ सधैँ मेरो सपनामा' कविता कवि भूपीको तत्कालीन नेपाली समाजको दासता र बर्बरताको अभिव्यक्ति दिने व्यङ्ग्य-चेतनाले भरिपूर्ण क्रान्तिकारी भाव भएको उत्कृष्ट कविता हो । कवितामा रहेका तीनओटै अनुच्छेद शृङ्खलामा शब्द शक्तिका तीनओटै तहका अर्थहरू अभिव्यञ्जित भएका छन् । प्रस्तुत कवितामा विभिन्न विम्ब र प्रतीकहरूको कुशल ढङ्गले प्रयोग गरिएको छ जसबाट कवितामा अर्थको व्यञ्जनाको तह उकृष्ट देखिन्छ । कवितामा प्रयुक्त विभिन्न पद पदावली वाक्य र समग्र प्रकरणका तहमा ध्वनिको प्रयोग कुशलतापूर्वक भएको देखिन्छ । कवितामा प्रयुक्त अनेक प्रकारका विम्बका कारण कविताको ध्वन्यात्मक अर्थले उच्च मूल्य प्रदान गरेको छ । 'सधैँ सधैँ मेरो सपनामा' भन्ने कविताको शीर्ष वाक्यका रूपमा कवितामा पटक पटक पुनरावृत्ति भई यसले कविता विषयवस्तुमा ध्वन्यात्मकता ल्याउन सहजता प्रदान गरेको छ । कवितामा अधिकारका लागि आवाज उठाउँदा खेरि निरङ्कुश तानाशाहरूको बर्वर यातानाबाट सहिद बन्न विवश पुत्रका आमाहरूले आफ्नो मातृत्व र दूधको कुनै मूल्य नभएको चिररोदन प्रस्तुत गरिएको छ । त्यसपछि तत्कालीन शासन व्यवस्थाप्रति तीव्र आक्रोश र विद्रोहको स्वर व्यक्त भएको प्रसङ्ग ध्वन्यात्मक रूपमा अभिव्यञ्जित छ । कवितामा प्रतीकात्मक दृश्य विधान, व्यङ्ग्यात्मक भाव विम्वका कारण कवितामा पूर्वीय काव्यशास्त्रको ध्वनि सौन्दर्भ कलात्मक सफल रूपमा व्यक्त भएको देखिन्छ ।

## सन्दर्भ सामग्री

अधिकारी, हेमाङ्गराज, पूर्वीय समालोचना सिद्धान्त, (छैठौँ संस्क.), ललितपुर : साझा प्रकाशन, २०५६ ।

उपाध्याय, केशवप्रसाद, पूर्वीय साहित्य सिद्धान्त, (चौँथो संस्क.), ललितपुर : साझा प्रकाशन २०६१ ।

शेरचन, भूपि, घुम्ने मेचमाथि अन्धो मान्छे, (६औँ सं.), काठमाडौँ : साझा प्रकाशन, २०४६ ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, नेपाली साहित्यको संक्षिप्त इतिहास, (चौँथो. संस्क.), काठमाडौं : साझा प्रकाशन, २०४९

सापकोटा, विष्णुप्रसाद, कवि भूपि शेरचनका कवितामा व्यङ्ग्य, अप्रकाशित स्नातकोत्तर. शोधपत्र, त्रि. वि. शिक्षा विभाग, कीर्तिपुर, २०३७ ।